(नेपाल राष्ट्र बैंक/इ.प्रा/ "घ"/८५/०७५/०७६
कम्पनी दर्ता नं.: १९२७८३/०७४/०७५)

# धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड

# DHAULAGIRI LAGHUBITTA BITTIYA SANSTHA LIMITED

नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "घ" वर्गको राष्ट्रियस्तरको वित्तीय संस्था

केन्द्रीय कार्यालयः बागलुङ ।
फोन नं. ०७७-०६८-५२०२०५/५२४३५१

च.न.: ८१ ०७९/०८० मितिः २०७९/१२/२३ गते

श्री नेपाल स्टक एक्चेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

**विषयः चौथो बार्षिक साधारण सभाको सूचना सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस वित्तीय संस्थाको मिति २०७९/१२/२१ गते मंगलबार बसेको सञ्चालक समितिको ८१ औ बैठकले संस्थाको चौथो बार्षिक साधारण सभा मिति २०८०/०१/१६ गते शनिवारको दिन गर्ने निर्णय गरेको व्यहोरा जानकारीका लागि अनुरोध छ । साथै चौथो बार्षिक साधारण सभामा हुने बारे मिति २०७९/१२/२३ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सार्वजनिक सूचनाको विद्युतीय प्रति यसै पत्रको साथ संलग्न गरी पठाइएको व्यहोरा समेत जानकारीको लागि हार्दिक अनुरोध छ ।
धन्यवाद ।

भवदीय,

.....................
दुर्गा बहादुर थापा
कम्पनी सचिव

**बोधार्थ**

१. श्री नेपाल धितोपत्र बोड, खुमलतार ललितपुर ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटड, पुतलीसडक काठमाण्डौ ।
३. श्री सनराइज क्यापिटल लिमिटेड, काठमाण्डौ ।

# धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय बा.न.पा. २, श्रीनगरटोल, बागलुङ
फोन नं. ०६८-५२०९०५ E-mail : infodesk@dhaulagiribank.com

## चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०७९।१२।२३गते

**श्री शेयरधनीमहानुभावहरु,**

यस धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७९/१२/२१ गते बसेको सञ्चालक समितिको ८१ औं बैठकको निर्णय अनुसार चौथो वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा २ अनुसार सम्पूर्ण शेयरधनीमहानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभाहुने मिति, समय र स्थान**

मिति : २०८०/०१/१६ गते (तदनुसार २९ अप्रिल २०२३) शनिवार

समय : बिहान १० : ०० बजे

स्थान : धौलागिरी सामुदायिक श्रोत विकास केन्द्र बागलुङ को सभाहल, बा.न.पा.४, उपल्लाचौर, बागलुङ

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।

२) आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सहित २०७९ आषाढ मसान्त सम्मको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु NFRS सहितको बित्तीय विवरण छलफल गरी पारित गर्ने।

३) कम्पनी ऐन,२०६३ को दफा १११, बैंक तथा वित्तीय संस्था ऐन २०६३ को दफा ६३ बमोजिम आ.व.२०७९/०८० को बाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।

४) यस वित्तीय संस्थाको संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा।

**(ख) विशेष प्रस्ताव :**

१) एकिकृत मर्जरको क्रममा यस वित्तीय संस्थाको अधिकृत पूँजी बृद्धि गर्ने सम्वन्धमा।

२) नेपाल राष्ट्र बैंक तथा कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा मर्जरको क्रममा गर्नु पर्ने प्रबन्धपत्र/नियमावलीमा गरिने संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा।

३) नेपाल राष्ट्र बैंकबाट मर्जरको लागि अन्तिम स्वीकृत पश्चात खप्तड लघुवित्त वित्तीय संस्था लि.को शेयर, पूँजी, र सम्पूर्ण सम्पत्ति दायित्व एकृकित गरी धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट एकिकृत गरी संचालन गर्ने सम्वन्धमा।

४) बैंक तथावित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ३४ तथादफा ४९ को उपदफा ४ बमोजिम बैंक तथा वित्तीय कारोवार गर्ने नेपाल राष्ट्र बैंकमा इजाजतपत्र लिनको लागि नेपाल राष्ट्र बैंकमा अनुरोध गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा।

५) समितिहरुको सुविधा संशोधन सम्वन्धमा।

६) धौलागिरी लघुबित्त बित्तीय संस्था लि. र खप्तड लघुबित्त बित्तीय संस्था लि. बीच मर्जर सम्बन्धी कार्य अन्तिम चरणमा रहेकोले मर्जर पश्चात बन्ने तदर्थ समितिमा सर्वसाधारणको तर्फबाट एक जना सञ्चालक पठाउने समझदारी भए अनुरुप उक्त तदर्थ समितिमा सर्वसाधारणको तर्फ बाट प्रतिनिधित्वको लागि नाम पठाउन र मर्जर सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी प्रदान सम्वन्धमा।

ग) विविधः

**साधारण सभा सम्बन्धी थप जानकारी**

१) चौथो वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०।०१।०१ सम्म कायम संस्थापक र सर्वसाधारण शेयरधनीहरुलाई मात्र साधारण सभामा भाग लिन, मतदान गर्ने अधिकार हुनेछ।

२) साधारणसभामा भाग लिन आउँदा परिचय खुल्ने प्रमाणपत्र वा वित्तीय संस्थाले जारी गरेको प्रवेश पत्र अनिवार्य लिई आउनु पर्नेछ।

३) शेयरधनीहरुको हाजिरीको लागि सभा स्थलमा मिति २०८०।०१।१६ गते बिहान १०:०० बजेबाट नै हाजिरी पुस्तिका खुल्ला रहनेछ।

४) साधारण सभामा भाग लिन वा मतदानका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले साधारण सभा हुनु भन्दा कम्तिमा ७२ घण्टा अगावै प्रोक्सी फाराम वित्तीय संस्थाको केन्द्रीय कार्यालय बा.न.पा. २, श्रीनगरटोल, बागलुङमा दर्ता गराई सक्नु पर्नेछ। शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन वा शेयर विभाजन गरि दिन पाइने छैन। एक जना शेयरधनीले एक भन्दा बढि ब्यक्तिलाई प्रोक्सी दिई पठाएमा पहिले दर्ता गराएको प्रोक्सीले मान्यता पाउनेछ। प्रोक्सी नियुक्ति गर्ने आफै उपस्थित हुन चाहेमा २४ घण्टा अगावै आफै उपस्थित भई लिखित सूचना दिनु पर्नेछ।

५) सभामा भाग लिन वा मतदानका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसके पछि सम्वन्धीत शेयरधनी स्वयं सभामा उपस्थित हुन आएमा शेयरधनीले गरि दिएको (प्रोक्सी) स्वतः बदर हुनेछ।

६) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधि (प्रोक्सी) ले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ। त्यस्ता संगठित संस्थाबाट मनोनित व्यक्तिले ल्याउने गरी प्रोक्सि फाराममा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत हुनुपर्नेछ।

७) नाबालकको हकमा संरक्षकले मात्र सभामा भाग लिन, प्रतिनिधि तोक्न र मतदान गर्न पाउनेछ। शेयर दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको ब्यक्ति मात्र संरक्षक मानिनेछ।

८) कुनै शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेका विषय बारे सभा हुनु भन्दा ७ दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ। सो जानकारी नदिएको विषयउपर प्रश्नगर्न पाइने छैन।

९) अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

१०) साधारण सभा सम्बन्धमा पत्रिकामा प्रकाशित बाहेक केहि थप जानकारी आवश्यक परेमा वा वार्षिक प्रतिवेदन उपर थप जानकारीको लागि संस्थाको वेवसाइट www.dhaulgiribank.com तथा कार्यालय समय भित्र कार्यालयको फोन नं.: ०६८-५२०९०५ मा सम्पर्क गर्नु हुन वा स्वयं उपस्थित भै जानकारी लिनुहुन अनुरोध छ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव